# तुलसीपुर उपमहानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

## तुलसीपुर, दाङ, नेपाल

## प्रस्ताव आव्हान सम्वन्धी सूचना !!!

सूचना प्रकाशित मिति: २०७७/०५/२३

तुलसीपुर उपमहानरपालिका र जी.आई.जेड.को सहकार्यमा सञ्चालित स्थानीय तथा प्रादेशिक आर्थिक विकास परियोजना अन्तरगत स्थानीय आर्थिक विकासका लागी छनौट गरिएका मूल्य श्रृखलाहरुः फलफूल तथा तरकारी, बाख्रा, कुखुरा, दुग्ध एवं पर्यटनको प्रवर्द्धन तथा कोभिड-१९ र त्यसबाट स्थानीय आर्थिक विकासमा पर्न गएको नकारात्मक असरलाई सम्बोधन गर्न नयाँ उत्पादन वा सेवा सहितका नवीनतम व्यावसायिक अवधारणाहरूको पहिचानमा सहयोग पुऱ्याउने उद्देश्यका साथ यस उपमहानगरपालिकाको नियमन क्षेत्राधिकार भित्र स्थापना र सञ्चालनमा रहेका सहकारी वा उद्यमहरू मार्फत परियोजना प्रस्ताव आव्हान गरि प्रतिस्पर्धात्मक विधिबाट छनौट भएका उत्कृष्ट १० वटा परियोजनालाई "साना परयोजना कोष" द्वारा प्रति परियोजना अधिकतम रु ५,००,०००/- (पाँच लाख) अनुदान सहयोग गरिने हुँदा तपसिल बमोजिमको शर्त र मापदण्ड पुगेका सहकारी/उद्यमहरुले यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काइस) दिन भित्र तुलसीपुर उपमहानगरपालिकाको कार्यालयमा प्रस्ताव पेश गर्नुहुन यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

<u>शर्त तथा मापदण्डहरुः</u>

(१) तुलसीपुर उपमहानगरपालिकाको नियमन क्षेत्राधिकार भित्र स्थापना र सञ्चालनमा रहेका सहकारी वा उद्यमहरू ।

(२) प्रत्येक सहकारी/उद्यमले केवल एउटा प्रस्ताव पेश गर्न सक्नेछ । यद्यपि, संयुक्त प्रस्तावहरूलाई प्रोत्साहित गरिनेछ ।

(३) प्रस्तावित परियोजनाहरुको कुल लागतको ७५% सहकारी र ५०% नीजि उद्यमहरूका लागि (अधिकतम रु. ५,००,००० (रु.पाँच लाख) मा नबढ्ने गरी) अनुदान सहयोग प्रदान गरिनेछ ।

(४) प्रस्तावक सहकारीहरूमा कम्तिमा २५% सदस्यहरू पछि परेका समूदाय (Disadvantaged Groups) बाट हुनुपर्नेछ ।

(५) महिला तथा पछि परेका विपन्न समूहबाट नेतृत्व गरिएका उद्यमहरूलाई प्राथमिकता दिइनेछ ।

(६) प्रस्तावित परियोजनाले कोभिड-१९ ले ल्याएका अवसर र चुनौतीहरूलाई सम्बोधन गर्दै उद्यम तथा आर्थिक विकासलाई सहयोग पुऱ्याउने उपायहरू निम्न बुँदाहरूसँग सम्बद्ध गराई सान्दर्भिकता प्रमाणित गर्नुपर्नेछ :

- प्रस्तावित परियोजनाले सहकारी/उद्यमहरूको व्यावसायिक बृद्धिका लागि सहयोग पुऱ्याएको हुनुपर्नेछ ।
- प्रस्तावित परियोजनाले आर्थिक र वातावरणीय दिगोपना सुनिश्चित गरेको हुनुपर्नेछ ।
- प्रस्तावित परियोजनाले महिला र वैदेशिक रोजगारबाट फर्केका कामदारहरूसहित विपन्न समूहहरूका लागि आर्थिक र सामाजिक समावेशीकरणमा योगदान पुऱ्याएको हुनुपर्नेछ ।
- फलफुल तथा तरकारी, बाख्रा, कुखुरा, दुग्ध, एवं पर्यटनको मूल्य श्रृंखला विकासका लागि उत्पादन तथा प्रक्रिया (Product and Process Innovation) का नयाँ अवधारणाहरूलाई प्राथमिकता दिइनेछ ।
- उपमहानगरपालिकाको आर्थिक विकासको लागि निम्न क्षेत्रहरूसँग मेल खाने परियोजनाहरुलाई प्राथमिकता दिइनेछ ।
  - तरकारी/फलफुल खेती
  - माछा/मासु
  - कुखुरा पालन (अण्डा, लोकल तथा बदिया, ब्रोइलर, लेयर्स, हाँस, बट्टाई, टर्की आदी)
  - माहुरी पालन (मह, माहुरी घार, पोलेन (पराग) एवं मैन)
  - दुग्ध उत्पादन
  - पर्यटन (धार्मिक, सांस्कृतिक, पर्यावरणीय एवं साहसिक पर्यटन तथा हस्तकला)

<u>आवश्यक कागजातहरुः</u>

- सहकारी/व्यवसाय दर्ता/नविकरण प्रमाणपत्रहरु (२०७७ श्रावण मसान्त सम्ममा दर्ता भएको)
- कर छुट वा कर चुक्ता प्रमाणपत्र (आ.व. ०७६/०७७ वा त्यसपछि दर्ता भएको सहकारी/व्यवसायको हकमा स्थायी लेखा नम्बर एवं दर्ता प्रमाणपत्र तथा आ.व. ०७६/०७७ अघि दर्ता भएको सहकारी/व्यवसायको हकमा आ.व. २०७५/७६ सम्मको कर चुक्ता प्रमाणपत्र)
- सहकारीको हकमा मुख्य कारोवार खुल्ने कागजातहरु (विनियमको सम्बन्धित पेजको प्रतिलिपि) एवं आ. व. २०७५/७६ साधारण सभाको निर्णयको प्रतिलिपि
- सम्बन्धित वडाको सिफारिस पत्र

<u>प्रस्ताव पेश गर्ने अन्तिम मितिः</u> २०७७/०६/१२ (अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो पछि कार्यालय खुलेको पहिलो दिन)

<u>परियोजना प्रस्ताव फाराम</u> तुलसीपुर उपमहानगरपालिकाको सहकारी तथा रोजगार प्रवर्द्धन शाखा वा स्थानीय तथा प्रादेशिक आर्थिक विकास (एलपीईडी) परियोजनाका स्थानीय प्रतिनिधि श्री चुडाराज गिरीबाट ईमेल (chuda.giri@giz.de) मार्फत प्राप्त गर्न सकिनेछ ।

<u>पुनश्चः</u> आवश्यक अन्य वित्तीय विवरणहरु सम्झौताको चरणमा पेश गर्नुपर्नेछ ।

प्रमुख प्रशासकीय अधिकृत

**नि. प्रमुख प्रशासकीय अधिकृत**